फोन नं :- ०८२५४००५०
०८२५४०८५०

# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लमही,दाङ
### ५ न. प्रदेश नेपाल

पत्र. स.०७५।०७६
च. नं. २५१५

मितिः २०७५।१२।२६

**विषयः विद्यार्थी भर्ना तथा विद्यालय सुधार सम्बन्धमा ।**

**श्री अध्यक्ष ज्यू. विद्यायल व्यवस्थापन समिति**
लमही न.पा. अन्तर्गतका विद्यालयहरु
लमही, दाङ

प्रस्तुत विषयमा यस लमही नगरपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धि सुधार सहित विद्यालयको समग्र सुधारका लागि यस कार्यालयबाट विभिन्न चरणमा विद्यालयको स्थलगत अनुगमन गर्ने र कक्षामा देखिएको यथार्थ अवस्थालाई अध्ययन गरी थप सुधारको लागि सल्लाह र सुझाव प्रदान गर्ने र सोको कार्यान्वयन भए नभएको विषयमा निरन्तर अनुगमन भैरहेको छ। विद्यालयहरुले सुधारको लागि पहल गरिरहँदा नयाँ शैक्षिक सत्र २०७६ लाई थप सुधारको वर्षका रुपमा लिनको लागि नगरपालिकाको कार्यालय र विद्यालयहरुको थप प्रयास हुन जरुरी देखिएको छ।

शैक्षिक वातावरण व्यवस्थापन गर्ने हिसावले स्वरुपमा विद्यालय गतिशिल देखिएता पनि शैक्षिक गुणस्तरका दृष्टिले पाठ्यक्रमले निर्दिष्ट गरेको तहगत कक्षा अनुसारको पठन पाठन र उपलब्धि न्यूनतम स्तर समेत हासिल गर्न सकेको अवस्था वार्षिक नतिजा एवं अनुगमनका क्रममा देखिन आएन । बालबालिकाको वर्तमान र भविष्यसंग प्रत्यक्ष एवं परोक्षरुपमा स्वार्थ सहित वा रहित जोडिएको उद्देश्य भनेको तिनै आशातित र समाज रुपान्तरणका लागि उदयीमान अपेक्षा बोकेका बालबालिकाकाको उज्वल भविष्यको जगाधारशिला स्थापित गर्ने महत्तम एवं पवित्र प्रयास र प्रयासको प्रतिफलयूक्त परिणाम नै हो ।

निरन्तर सिकाइ स्तर सुधारमै केन्द्रित हुनुपर्ने विषयमा विद्यालय समेत जानकार नै छ। तथापी यस कार्यालयबाट भएको अनुगमन र परीक्षाबाट प्राप्त नतिजामा अधिकांश विद्यार्थीले राम्रो गर्न नसक्नुका पछाडि कक्षाको शिक्षण सिकाइ क्रियाकलाप संगसंगै गर्नुपर्ने सिकाइ स्तर परिक्षण र कमजोर विद्यार्थीको स्तर सुधारको लागि थप प्रयासको पाटो कमजोर त होइन भन्ने महसुस गरिएको छ।

विद्यार्थीको सिकाइ स्तर सुदृढ गर्नको लागि पठनपाठनका क्रियाकलाप संगसंगै नियमित रुपमा सम्बन्धित विषय शिक्षकले पाक्षिक /मासिक र आवधिक मूल्याकन गरी तत्काल त्यसको नतिजा विश्लेषण गर्ने र थप सुधारको लागि योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
हाम्रा कक्षामा सिकाइ स्तर राम्रा भएका बालबालिका तर्फ बढी ध्यान दिने तर कमजोर बालबालिकाको स्तर सुधारको लागि जति प्रयास हुनुपर्ने हो त्यसमा कमी भएको हो कि भन्ने धरातलीय अनुगमन र परीक्षाको नतिजामै देखिन आउनु अपेक्षा र अनुभुतीका दृष्टिले सुखद रहन गएन।

यसर्थ, २१ औं शताव्दिको चुनौतीपूर्ण विश्वमंचमा नेपालले लिएको **सुखी नेपाली, समृद्ध नेपाल** रुपान्तरण गर्न हाम्रा सवै प्रयास र प्रतिबद्धताहरु परिभाषित र परिणाममुखि हुनुको विकल्प छैन । सतमार्गको गोरेटो रेखाँकन गर्ने र रेखांकीत उज्जवल शैक्षिक मार्गमा आजका बालबालिकालाई गतिशिल बनाई राष्ट्रिय दुरगामी निर्विकल्प **सुखी नेपाली, समृद्ध नेपाल** महाअभियानका लागि आधार स्तम्भ निर्माण गर्ने कर्ममा विद्यालय र विद्यालयको शैक्षिक वातावरणमा समय, श्रम र मिहेनत एवं लगावको कोणबाट समर्पित शिक्षक एवं गुरुवर्ग र